'उज्यालो नेपालको संवाहक'
# नेपाल विद्युत प्राधिकरण
(नेपाल सरकारको स्वामित्व)
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं

पत्र संख्याः २०७७/०७८, च.नं. : १२६२

मितिः २०७८/०१/१५

श्री वितरण तथा ग्राहक सेवा निर्देशनालय।
श्री उत्पादन निर्देशनालय।
श्री प्रशारण निर्देशनालय।
श्री ईन्जिनियरिङ्ग सेवा निर्देशनालय।
श्री अर्थ निर्देशनालय।
श्री योजना, अनुगमन तथा सूचना प्रविधि निर्देशनालय।
श्री आयोजना व्यवस्थापन निर्देशनालय।
श्री ने.वि.प्रा.सहायक कम्पनी अनुगमन निर्देशनालय।
श्री कार्यकारी निर्देशकको सचिवालय।
श्री आन्तरिक लेखा परीक्षण विभाग।
श्री ईनर्जि ईफिसियन्सी तथा चुहावट नियन्त्रण विभाग।

विषयः परिपत्र।

विश्वभरी फैलिंदै गएको नयाँ भेरियन्टको कोभिड-१९ महामारीको सन्दर्भमा नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालयबाट मिति २०७८/०१/१२ मा जारी भएको निर्देशनको बुँदा नम्बर (१०) लाई निम्नानुसार संशोधन गरिएकोले सो अनुरुप कार्यालय संचालन गर्नु गराउनु हुन जानकारी गराईन्छ ।

१. स्थानीय जिल्ला प्रशासन कार्यालयहरुले जारी गरेको आदेश अनुसार निषेधाज्ञा कायम भएको क्षेत्र भित्र पर्ने कार्यालयहरुमा कार्यालयको नियमित काममा वाधा नपर्ने गरी कर्मचारीहरुलाई आलोपालो समय मिलाई कार्यालय समय भित्र कार्यालयमा उपस्थित जनिने गरी कम्तीमा एक पटक हाजिर गर्ने/गराउने व्यवस्था मिलाउने ।तर निषेधाज्ञा जारी भएका क्षेत्रहरुमा आफू कार्यरत कार्यालयमा उपस्थित हुन नसक्ने कर्मचारीलाई कार्यक्षेत्र (काठमाडौं उपत्यका वा सम्बन्धित जिल्ला) नछोड्ने गरी घरबाट नै काम गराउन लिखित वा विद्युतीय माध्यमबाट जानकारी लिई/गराई कार्यालय प्रमुखले घर मुकाम काज (work from home) प्रदान गर्न सक्नेछ, यस्तो घर मुकाम काज EPR प्रयोजनका लागि हाजिरीमा गणना गरिने छैन ।

(हितेन्द्रदेव शाक्य)
कार्यकारी निर्देशक

सम्पर्क फोन : ०१४१५३००७, ०१४१५३०१२, ०१४१५३१९३, ०१४१५३०८२ फ्याक्स : ०१४१५३००९
Email: neamd@nea.org.np, Web: www.nea.org.np